# 2018 को विधान परिषद काउलुन वेस्ट भौगोलिक निर्वाचन क्षेत्रको उप-निर्वाचन बारे संक्षिप्त जानकारी

## मतदानको मिति र समय

- मतदान दिन: 25 नोभेम्बर 2018 (आईतबार)
- मतदान अवधि: बिहान 7:30 देखि रातीको 10:30 सम्म (तोकिएका ती जेलका मतदान केन्द्रहरु बाहेक,मतदानको समय बिहान 9:00 बजे देखि दिउसो 4:00 बजेसम्म हुनेछ ।)

## निर्वाचित हुन पर्ने सदस्यहरुको संख्या

- काउलुन वेस्ट भौगोलिक निर्वाचन क्षेत्रबाट एक सदस्य

## नामांकन अवधि

- उम्मेदवारको लागि नामांकन अवधि: 2 - 15 अक्टोबर 2018
- नामांकन फारमहरु REO को वेवसाईटबाट (www.reo.gov.hk) डाउनलोड गर्न सकिन्छ वा निम्न कार्यालयहरूबाट प्राप्त गर्न सकिन्छ :
  - जिल्ला कार्यालयहरु
  - रिटर्निङ अफिसरहरुको कार्यालय
  - 10/F, हार्वर सेन्टर, 25 हार्वर रोड, वान चाई, हङकङ वा युनिटस् 2301-03 मिलिनियम सिटि 6, 23/F, 392 कुन तोङ्ग रोड, कुन तोङ्ग ,काउलुनमा स्थित दर्ता तथा निर्वाचन कार्यलय (“REO”) को कार्यालयहरु ।

## मतदानको लागि व्यवस्थापन

- काउलुन वेस्ट भौगोलिक निर्वाचन क्षेत्रमा दर्ता भएका मतदाताहरु जसको नाम 2018 को मतदाता अन्तिम दर्ता सूचीमा समावेश छन्, उनीहरुले आफ्नो मत उप-निर्वाचनमा दिन सक्छन् ।

- हरेक मतदाताको लागि एक मतदान केन्द्र तोकिएको हुनेछ ।

- सम्बन्धित मतदाताहरूलाई निर्वाचन भन्दा करीब 10 दिन अघि प्रति मतदातालाई आफ्नो तोकिएको मतदान केन्द्र देखाउने कार्ड जारी गरिनेछ ।

- विषेश आवश्यकताहरु (व्हीलचेयर प्रयोग गर्ने वा हिड्डुल गर्न नसक्ने मानिसहरु) भएका मतदाताहरुको लागि तोकिएको मतदान केन्द्र प्रयोग गर्ने खालको छ वा छैन भनि पोल कार्डसँग भएको स्थान चित्रमा जनाएको हुनेछ । व्हीलचेयर प्रयोग गर्ने वा हिड्डुल गर्न नसक्ने मतदाताले यदि तोकिएको मतदान केन्द्र प्रयोग गर्न नसक्ने किसिमको भएको

पाएमा उनीहरुले व्हीलचेयर पुग्न सक्ने वा हिड्डुल गर्न सक्ने किसिमको तोकिएको विशेष मतदान केन्द्रमा मत खसाल्न सक्न पाउन भनि **REO** लाई **20 नोभेम्बर 2018 (मंगलबार) अगाडि** (2891 1180) मा फ्याक्स गर्न सक्नुहुन्छ, (reoenq@reo.gov.hk) मा ईमेल, (2891 1001) मा टेलिफोन वा(दर्ता तथा मतदानको कार्यालय 10/F, हार्वर सेन्टर, 25 हार्वर रोड, वान चाई) मा चिठ्ठी पठाउनु सक्नुहुन्छ ।

- यदि मतदाताहरूलाई निर्वाचनको जानकारीबारे अनुवादको सहयोग चाहिएमा उनीहरूले अल्पसंख्यक जातीयहरूको लागि केन्द्र (CHEER) मा 12 देखि 16 नोभेम्बर र 19 देखि 25 नोभेम्बर 2018 देखि हटलाईनमा फोन गर्न सक्नुहुन्छ ।

| **भाषा** | **हटलाईन नं** |
|---|---|
| बाहासा ईन्डोनेशिया | 3755 6811 |
| तागालोग | |
| थाई | |
| हिन्दी | 3755 6822 |
| नेपाली | |
| उर्दू | 3755 6833 |
| पन्जाबी | |

**भोट कसरी हाल्ने?**

- तोकिएको मतदान केन्द्रमा तपाईको सक्कल हङकङको परिचय पत्र (“HKID”) वा अन्य तोकिएको वैकल्पिक कागजात(हरु) लिएर आउनुहोस् र मतदान कर्मचारीलाई उपयुक्त कागजातहरु प्रस्तुत गर्नुहोस्, जसले तपाईको जानकारी अन्तिम दर्ता सूची अनुसार प्रमाणित गर्नेछ।यदि आवश्यक परेमा, कृपया REO लाई विशेष वैकल्पिक कागजात(हर) बारे बुझ्न सम्पर्क गर्न सक्नुहुन्छ ।

- तपाईलाई एउटा मतपत्र दिईनेछ, साथै एक कार्डबोर्डसँगै "✓" (टिक) चिन्ह भएको चप पनि दिईनेछ । मतपत्रलाई कर्मचारीद्वारा अगाडि नै दोबारेर राखिएको हुन्छ । मतदान कक्ष भित्र तपाईले मतपत्रमा चिन्ह लगाउनको लागि राखिएको चप प्रयोग गर्न **अनिवार्य** हो।

- तपाईले मतपत्रमा आफ्नो रोजाईको उम्मेदवारको नामको विपरितको गोलो घेरा भित्र चिन्ह लगाउन कार्डबोर्डसँगै भएको "✓"(टिक) चिन्ह भएको चपको प्रयोग **अनिवार्य** रूपमा गर्नुपर्छ । प्रत्येक मतपत्रमा <u>**एउटा**</u> उम्मेदवारको लागि मात्र भोट हाल्नुहोस्। यदि तपाईले मतपत्रमा चप लगाउदा कुनै भूल गर्नु भयो भने वा जानेर मतपत्र बिगार्नु भयो

भने, कृपया त्यहाँ भएको अधिकृतलाई मतपत्र फिर्ता गर्नुहोस् र अर्को साट्नको लागि भन्नुहोस् ।

- मतपत्रमा अंकन पछि, मतपेटिकामा मत हाल्नु अघि मतकेन्द्रको कर्मचारीले सुरू मै दोबारेको झै एकपल्ट दोबारेर हाल्नुहोस् ताकि अंकित भाग भित्र परेर "✓" (टिक) चिन्हलाई लुकाउन सकिनेछ ।

**स्वच्छ निर्वाचन**

भ्रष्टचार विरूद्ध स्वतन्त्र आयोगले (ICAC) लागू गरेको निर्वाचन (भ्रष्ट र अवैध व्यवहार) अध्यादेश (क्याप 554) अनुसार मतदाताले यी कुराहरू **गर्नु हुँदैन** :

- निर्वाचनको बेला मतदान नगर्न, वा विशेष उम्मेदवारलाई मतदान दिन वा नदिन कुनै व्यक्तिबाट कुनै लाभ (उदाहरणको लागि पैसा, उपहार आदि), खानपिन वा मनोरन्जनको सल्लाह दिनु वा स्वीकार गर्नु;
- कसैको मतदान गर्ने निर्णयलाई प्रभाव पार्न बल प्रयोग गर्नु वा अवरोध गर्ने धम्की दिनु;
- मतदान गर्ने हकदार व्यक्ति होइन भन्ने थाहा हुँदाहुदै पनि मतदान गर्ने; वा थाहा भएर पनि लापरवाही तरीकाले निर्वाचन अधिकारीलाई गलत जानकारी (उदाहरणको लागि गलत निवासको ठेगाना) दिनु ।

ICAC को स्वच्छ निर्वाचन बारेमा समर्पित वेबसाइट छ र प्रासंगिक जानकारी (अंग्रेजी र चिनियाँ दुवैमा) प्रदान गर्दछ । यो लिङ्क https://www.icac.org.hk/en/ce/index.html हो ।